नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
वैशाख/जेठ २०७१ (May 2014) वर्ष १८/अङ्क २०६

## नेइम ललितपुर चर्च बसन्त सम्मेलन २०१४ एक झलक

-प्रस्तोताः एल्डर दिल थापा

२०१४ सालको मार्च महिनामा यस वर्ष पनि नेइम ललितपुरमा १ दिवसीय बसन्त सम्मेलन आयोजना गरिएको थियो ।

प्रचवनका दुई सेवा राखिएका थिए भने सांस्कृतिक मुद्दाहरू पनि उक्त कार्यक्रममा समावेश गरिएका थिए ।

प्रवचनका क्रममा आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थकले अब बसाइको अन्त भयो, उठ्ने बेला आएको छ भनी मण्डलीलाई सचेत गराउनुभएको थियो ।

पवित्र आत्माको भरपूरी हामी विश्वासीहरूको लागि अपरिहार्य छ भन्दै येशूले प्रतिज्ञा गर्नुभएको पवित्र आत्मा हामीमा हुनुहुन्छ भन्ने कुरामा जोड पनि गुरुबाले दिनुभयो । उहाँले अगाडि भन्नुभयो, हामीमा जति सास छ त्यति मात्र हल्लेलूयाह भन्न सक्छौं, सास नै प्राण हो सास सिद्धियो भने हामी मर्छौं । जिब्रोमा भएको वचन विचार मात्र हो जब बाहिर निस्कन्छ तब आवाज बन्छ । परमेश्वर बोल्नुभयो र सबैथोक हुन आए । वचनमा शक्ति छ । त्रिएक परमेश्वर सबै समान हुनुहुन्छ । पवित्र आत्माको विरुद्धमा बोलिएको कुरा ईश्वर निन्दा हो र यो पाप क्षमा हुँदैन । येशूले पनि पवित्र आत्माको शक्तिले नै आश्चर्य कर्महरू गर्नुभयो । ३० वर्षको उमेर अघि उहाँले कुनै आश्चर्य कर्म गर्नुभएन तर पवित्र आत्मा उहाँमाथि आउनुभएपछि मात्र । पवित्र आत्माको अभिषेकले शक्ति प्रदान गर्दछ र त्यही शक्तिमा येशूले अन्धाहरूलाई देख्न सक्ने, लङ्गडाहरू हिँड्न सक्ने र मरेकाहरूलाई समेत जीवित तुल्याउनुभयो । पवित्र आत्माको शक्तिबिना येशूले परमेश्वरको राज्यबारे प्रचार पनि गर्नु भएन ।

गुरुबाले भन्नुभयो, येशूले हामीलाई प्रेम गर्नुहुन्छ । हामी जस्तो सुकै भए पनि उहाँले हामीलाई प्रेम गरिरहनुहुन्छ । हामीलाई प्रेम गरेका कारणले नै येशू हाम्रा लागि क्रूससम्मै जानुभयो, अनमोल रगत बगाउनुभयो र हामीलाई श्राप मुक्त पार्नु भएर अब्राहामको आशिषको भागिदार बनाउनुभयो (गलाती ३:१५-१७) । अब हामी श्राप पाएकाहरू होइन तर आशिष पाएकाहरू हौं । हाम्रा लागि येशू श्राप बन्नुभयो ताकि उहाँमा हामीले धार्मिकता प्राप्त गर्न सकौं । गुरुबाले भन्नुभयो, पवित्र आत्माले नै हामीलाई ख्रीष्टका बनाउनुभएको छ । हामीमा पवित्र आत्मा नहुनु हुँदो हो ता, हामी ख्रीष्टका पनि हुनै सक्ने थिएनौं । पवित्र आत्मा हामीमा बास गर्नुहुन्छ, गलाती ४:६ जसरी उहाँ ख्रीष्टमा पनि हुनुहुन्थ्यो (लूका ३:२२; ४:१; १४:१४;४:१७-१९) ।

सेवा गर्नको लागि येशूलाई पनि पवित्र आत्माको दरकार पर्‍यो भने झन् कति बढ्ता गरेर परमेश्वरको सेवा गर्नलाई हामीलाई पवित्र आत्मा चाहिन्छ भन्ने विषयमा गुरुबाले जोड दिनुभएको थियो ।

पवित्र आत्माको बप्तिस्मा हामीलाई चाहिन्छ, हामीले पवित्र आत्माको बप्तिस्मा पाएका छैनौ भने माग्नुपर्छ र पिताले हामीलाई दिनुहुन्छ ।

गुरुबाले एफिसी १ अध्यायबाट पनि भन्दै हुनुहुन्थ्यो कि पहिलेको सृष्टि सजिलै हुन आयो तर नयाँ सृष्टिका लागि येशूले मूल्य चुकाउनुपर्‍यो क्रूसको मृत्युको मूल्य । शैतान चाहँदैनथ्यो कि येशू क्रूसमा मरून् किनकि येशूको मृत्युमा नै मानिसको जीवन थियो । यो नै नयाँ जीवन हो जुन जीवनमा पवित्र आत्माको शक्ति छ र त्यही शक्तिमा सबै कुरा गर्न सकिन्छ ।

अर्को प्रवचनमा गुरुबाले दाखको बोट र हाँगाहरू बीचको सम्बन्धबारे बताउँदै हुनुहुन्थ्यो । हाँगा बोटमा रहेन भने सुकिहाल्छ । फल फलाउनका लागि हाँगा बोटमा नै रहिरहनुपर्छ । अझ बढी फल फलाउनका लागि उहाँले हामीलाई छाँट्नु पनि हुन्छ । यूहन्ना १५:२ हामीलाई बढी फलदायी बनाउनलाई हामीमा भएको सबै फोहोर उहाँले हटाउनुहुन्छ ।

परमेश्वरको चाहना हाम्रो जीवन आषिमय होस् । सलहले खाएका वर्षहरू उहाँले हामीलाई फिर्ता दिनुहुन्छ । अब उहाँले यहूदी र अन्य जातिबीच कुनै भेदभाव राख्नुहुन्न । येशूमा सबै एकै छौं । हाम्रो काम उहाँमा रहिरहनु हो ।

वचनको सेवकाइका लागि हामीले गुरुबालाई धन्यवाद ज्ञापन गर्‍यौं ।

वर्षेनी कमसेकम २ दिन आयोजना गरिने बसन्त सम्मेलन यस वर्षचाहिँ केवल एक दिनका लागि मात्र हुन सक्यो । तर पनि आफ्नो वचन आफ्नो दासद्वारा हामीसँग बोल्नुभयो र हामी सबैले प्रशस्त आशिष पायौं ।

यस वर्षको सम्मेलनमा पहिले कुनै बेला तय गरिएको कार्यशालाको निचोडबारे पनि चर्चा गरिएको थियो । त्यो थियो म नेपाली ख्रीष्टियनले के के नेपाली चलन मान्न सक्छु र के के मान्न सक्दिनँ साथै कुनै पनि अन्ध विश्वासका कुराहरू हामीले मान्नु हुँदैन भन्ने पनि सम्मेलनका सहभागीमाझ चर्चा गरिएको थियो । समग्रमा भन्ने हो भने सम्मेलन अति आशिषमय थियो । प्रभुलाई धन्यवाद होस् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| बैशाख २७<br>मे १० | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>शारोन रोंगोंग | श्री<br>स्तिफन राई |
| जेठ ३<br>मे १७ | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>जेम्स राई | एल्डर<br>ग्रेस खालिङ | डीकन<br>घनश्याम दाहाल | एल्डर<br>छयोगेन रोंगोंग | एल्डर<br>शारोन रोंगोंग |
| जेठ १०<br>मे २४ | डीकन<br>घनश्याम दहाल | श्री<br>सिद्दि खालिङ | डीकन<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रुद्र राई | संयुक्त सेवा<br>ललितपुर चर्च |
| जेठ १७<br>मे ३१ | एल्डर<br>शामुएल क्षेत्री | श्री<br>सरुषमान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>जनकलाल श्रेष्ठ | एल्डर<br>गोपाल शर्मा |
| जेठ २४<br>जुन ७ | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द कु. रोंगोंग<br>ए. गोपाल शर्मा | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>दिल थापा |

# हार्दिक बधाई



वैशाख २२ गते/अप्रिल ५ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री जिना मुखिया नेपाल थियोलोजीकल कलेज सातदोबाटोबाट सफलतापूर्वक बी.टी.एच.को अध्ययन पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २२ गते/अप्रिले ५ ता. आइतबार नेइम जोरपाटी मण्डलीको सदस्य श्री राज गरुङ्ग नेपाल थियोलोजीकल कलेज सातदोबाटोबाट सफलतापूर्वक बी.टी.एच.को अध्ययन पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २२ गते/अप्रिल ५ ता. आइतबार नेइम जोरपाटी मण्डलीको सदस्य श्री अमृत लामा नेपाल थियोलोजीकल कलेज सातदोबाटोबाट सफलतापूर्वक बी.टी.एच.को अध्ययन पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ११ गते/अप्रिल २४ तारिख बिहीबार श्री **डेविड महर्जन** र सुश्री **इन्दिरा मुखिया** को नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती डेविड र इन्दिरा महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# जानकारी



भोटेबहाल बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री लोक बहादुर श्रेष्ठ ९० वर्षको उमेरमा चैत्र २५ गते/अप्रिल ८ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| बैशाख २७<br>मे १० | पा. महेश थान्जू<br>ए. गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घलान | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| जेठ ३<br>मे १७ | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>बिर ना. पण्डित | डीकन<br>जिल्बर्ट मिसो |
| जेठ १०<br>मे २४ | ए. गोपी राई<br>ए. जमान घलान | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | एल्डर<br>बिर ना. पण्डित | डीकनेस्<br>अमृता कार्थक | श्रीमती<br>शान्ति तामाङ्ग |
| जेठ १७<br>मे ३१ | ए. गोपी राई<br>ए. सागर थापा | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घलान | एल्डर<br>दानिएल सापकोटा | डीकन<br>पासाङ्ग तामाङ्ग | डीकन<br>सिमोन पाठक | श्री<br>गोपाल राना मगर | श्री<br>सुरेन्द्र सापकोटा |
| जेठ २४<br>जुन ७ | डीकन<br>पासाङ्ग तामाङ्ग | डीकन्स<br>राममाया नगरकोटी | डीकन<br>रबि श्रेष्ठ | सुश्री<br>चिनु घलान | श्री<br>भक्ति लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छचोदेन कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## जानकारी

१) चैत्र २९ गते/अप्रिल १२ तारिख आइतबार नेइम सानोकाभ्रेको भवन अर्पण गरियो ।

२) बैशाख १ गते/अप्रिल १४ तारिख सोमबार नेइम गोंगबूँ मण्डलीमा १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

३) बैशाख ६ गते/अप्रिल १९ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा ७४ जनाले समर्पण गर्नुभयो ।

४) बैशाख ५ गते/अप्रिल १८ तारिख शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीमा २६ जना र बैशाख १४ गते/अप्रिल २७ तारिख आइतबार ५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५) बैशाख १३ गते/अप्रिल २६ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा १० जना बालबालिकाहरूको बाल अर्पण भयो ।

## प्रार्थनाका विषयहरू

१) बैशाख २१-२६ गते (मे ४-९ तारिख) आइतबार देखि शुक्रबारसम्म नेइम मिशन अगुवा सम्मेलन नेइम ज्ञानेश्वर चर्चमा ।

२) बैशाख २८-३० गते (मे ११-१३ तारिख) आइतबार देखि मंगलबारसम्म अगापे अगुवा सम्मेलन नेइम ज्ञानेश्वर चर्चमा ।

३) जेठ १५ गते/मे २९ तारिख बिहीबार नेइम कार्यकारिणीको बैठक नेइम जोरपाटी माण्डलीमा ।

४) पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

५) विश्वासीहरूको घर-घरमा झूटा शिक्षाका मानिसहरू आएर विश्वासीहरूलाई भ्रममा पार्ने झूटा कुराहरू गरी बहकाउने, पर्चा दिने, विभिन्न प्रलोभन देखाई फकाउने काम गर्नेहरूबाट मण्डलीको विश्वासीहरू होशियारी रहन पवित्र आत्मा परमेश्वरले नै सहयाता गरुन् ।

## विषेश अनुरोध

१) मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवासंगतिहरूमा सेवा सुरू हुन अघि नै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२) मण्डली भवनभित्र प्रवेश गर्नु भएपछि अगावै आफ्नो मोबाइलको स्वीचबन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३) आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरुप मण्डलीमा आउनुभएका नयाँ दानुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४) दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा आनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | २१ 4<br>आजबाट सुरु हुने मिशन अगुवा सम्मेलनमा सहभागीहरू र वचनको सेवकाइ गर्नुहुने सबै जनाको लागि प्रार्थना गरिदिऔं ।<br>लूका १०:२ | २८ 11<br>आजबाट सुरु हुने अगापे अगुवा सम्मेलनमा सहभागीहरू र वचनको सेवकाइ गर्नुहुने सबै जनाको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १३३:१-३ | ४ 18<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्ति-दाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यशैया ४५:१८-२५ | ११ 25<br>नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिंदै जान सकून् ।<br>मर्कूश १६:२०, एफिसी ५:१८ | १८ June 1<br>नेपाल देशका पाष्टर तथा अगुवाहरूको सेवकाइको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यहोशू १:६-९ |
| **सोमबार Monday** | २२ 5<br>व्यक्तिगत, पारिवारिक र सामूहिकरूपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | २९ 12<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभु मानी आदर दिनेहरू हुन सकून् ।<br>भजनसंग्रह ९६:७-१० | ५ 19<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>यशैया ५५:१०, यर्मिया ३१:१६ | १२ 26<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>लूका ६:३७, रोमी १५:१-७ | १९ 2<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिमा सधैं धन्यवादी भई जिउनको लागि परमेश्वरको अनुग्रह मागौं ।<br>१ थेसलोनिकी ५:१६-१९ |
| **मंगलबार Tuesday** | २३ 6<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>एफिसी ५:६-७ | ३० 13<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | ६ 20<br>मण्डलीलाई अगुवाइ गरिरहनु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | १३ 27<br>आफूले पाएको विभिन्न वरदानहरू विश्वास, प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | २० 3<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **बुधबार Wednesday** | २४ 7<br>घरेलु संगतिहरू अझै बढेर, फैलिएर जान सकून् र अगुवाइ गर्नको लागि अगुवाहरूको कमि नभएको होस् ।<br>यशैया ५४:२-३, मत्ती ९:३६-३८ | ३१ 14<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ | ७ 21<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्का-उनको लागि सबैजना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १४ 28<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार हुन सकून् ।<br>लूका ६:३८, १ कोरिन्थी १६:१४ | २१ 4<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>गलाती ६:१० |
| **बिहीबार Thursday** | २५ 8<br>प्रत्येक शनिवार आराधना सेवामा सुनेका वचनमा हामी सबैजना अज्ञाकारी हुँन सकौं ।<br>मत्ती ७:२४-२७ | १ जेठ 15<br>मण्डलीका सबै जवानहरू प्रभुमा समर्पित भएर जिउनको लागि पवित्र आत्माले नै सहयता गरुन् ।<br>१ यूहन्ना २:१४, ४:४ | ८ 22<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकोस् ।<br>मत्ती ५:१३-१६ | १५ 29<br>आज हुने नेइम कार्यकारिणीको बैठकमा गरिने छलफल, योजना, र निर्णयको लागि पवित्र आत्माबाटको अगुवाई, सहयता मागिदिऔं ।<br>यर्मिया ३३:३ | २२ 5<br>मण्डली परिवारका सबै सदस्यहरू एक आपसमा परमेश्वरले दिनु भएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलसी ३:१३-१७ |
| **शुक्रबार Friday** | २६ 9<br>आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गरी आशिषित हुन सकून् ।<br>लेवी २६:१२-१३ | २ 16<br>सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>भजनसंग्रह २३:५ | ९ 23<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>यशैया ४५: २०-२५,प्रेरित ४:१२ | १६ 30<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ।<br>उपदेशक ५:१-६ | २३ 6<br>आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुरा हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० |
| **शनिबार Saturday** | २७ 10<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>यर्मिया ३१:१०-११ | ३ 17<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानु-भएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १० 24<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२३ | १७ 31<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वा-सीहरूको लागि प्रभुबाटको प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ४२:६-७ | २४ 7<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइराख्न सकून् ।<br>भजनसंग्रह १२१:१-८ |

**उहाँको बाटो हेर्नेहरूका निम्ति काम गर्नुहुने तपाईंबाहेक अरू कोही परमेश्वर छ भनी कसैले प्राचीन कालदेखि नै कहिल्यै सुनेको छैन, नता कानले सुनेको छ, न आँखाले देखेको छ ।**

**यशैया ६४:४**